# भाग २

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

## महानगर बहुप्राविधिक शिक्षालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः विराटनगर महानगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को साझेदारीबाट सञ्चालित महानगर बहुप्राविधिक शिक्षालयमा अध्ययनका लागि उपलब्ध हुने छात्रवृत्तिलाई निष्पक्ष, विश्वसनीय र वस्तुनिष्ठ तरिकाले व्यवस्थापन गरी विपन्न लगायत अन्य विद्यार्थीहरुको समतामूलक पहुँच सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महानगर बहुप्राविधिक शिक्षालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "छात्रवृत्ति" भन्नाले तोकिएको आधार अनुसार छनोट भएका विद्यार्थीहरूलाई शिक्षालयले पूर्ण वा आंशिक रुपमा निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधा सम्झनु पर्छ ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ग) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिका सम्झनु पर्छ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(घ) “महानगर बहुप्राविधिक शिक्षालय” भन्नाले विराटनगर महानगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को साझेदारीमा सञ्चालित शिक्षालय सम्झनु पर्छ ।

(ङ) “शिक्षालय” भन्नाले महानगर बहुप्राविधिक शिक्षालयलाई सम्झनु पर्छ ।

(च) “शैक्षिक प्रशासन महाशाखा” भन्नाले वराटनगर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा सम्झनु पर्छ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## परिच्छेद-२
## छात्रवृत्ति सम्बन्धी व्यवस्था

३. छात्रवृत्ति सम्बन्धी व्यवस्थाः शिक्षालयमा सञ्चालित विभिन्न तह र विषयमा महानगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम नगर शिक्षा समितिबाट तोकिएको कोटाहरुमा यस कार्यविधिले तोकेबमोजिमको प्रक्रिया पूरा गरी छात्रवृत्ति उपलब्ध हुनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध हुने छात्रवृत्तिका लागि नगर शिक्षा समितिले पूर्ण वा आंशिक दुवै प्रकृतिको छात्रवृत्ति कोटा उपलब्ध गराउन सक्नेछ ।

४. <u>छात्रवृत्ति वितरणका शर्तहरु</u>: शिक्षालयलाई प्राप्त छात्रवृत्ति कोटा वितरणका शर्तहरु देहाय बमोजिम हुनेछन् :

(क) महानगर बहुप्राविधिक शिक्षालयमा अध्ययनका लागि उल्लेखित विषय र तहमा तोकिए बमोजिमको प्रवेश परीक्षा उत्तीर्ण भएको,

(ख) विराटनगर महानगरपालिकाको स्थायी बासिन्दा भएको,

(ग) अन्य कुनै निकायबाट सोही विषयमा अध्ययन गर्न छात्रवृत्ति प्राप्त नगरेको भनी स्वघोषणा गरेको,

(घ) बाल विवाह नगरेको,

(ङ) वडा कार्यालयबाट विपन्न वर्गको भनी सिफारिस भएको ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

५. **छात्रवृत्ति वितरणका आधारहरुः** शिक्षालयलाई प्राप्त छात्रवृत्ति कोटा वितरणका आधारहरु देहाय बमोजिम हुनेछन् :

(क) एसईई/एसएलसी वा सो सरहको परीक्षाको शैक्षिक प्रमाणपत्रमा प्राप्ताङ्क २.८ जिपिए वा सो भन्दा बढी वा प्रथम श्रेणीका लागि २० अंक र अन्य प्राप्ताङ्कका लागि १० अंक,

(ख) सामुदायिक विद्यालयबाट कक्षा १० उत्तीर्ण विद्यार्थीका लागि १० अंक तथा संस्थागत विद्यालयका लागि ५ अंक,

(ग) छात्राका लागि १० अंक,

(घ) दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशी तथा अपाङ्गता भएका व्यक्तिका लागि १० अंक,

(ङ) अन्तर्वार्ता वापत २५ अंक ।

६. **छात्रवृत्ति छनोट समितिः** (१) शिक्षालयलाई प्राप्त छात्रवृत्ति कोटामा विद्यार्थी छनोट गर्नका लागि देहाय बमोजिमको संयोजक तथा सदस्य रहने गरी एउटा छात्रवृत्ति छनोट समिति रहनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शिक्षालयको निर्देशक - सदस्य

(ग) शैक्षिक प्रशासन महाशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले छात्रवृत्तिमा विद्यार्थी छनोटका लागि सूचना प्रकाशित गर्ने, अन्तर्वार्ताका साधन निर्माण गर्ने, आवश्यकताका आधारमा विज्ञलाई आमन्त्रण गरी अन्तर्वार्ता सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने लगायतका छनोटसँग सम्बन्धित सम्पूर्ण कार्य गर्नुपर्नेछ ।

(३) छात्रवृत्ति छनोट समितिले समान अंक प्राप्त गरेका विद्यार्थीका लागि गोलाप्रथाद्वारा छनोट गर्नुपर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

७. <u>छात्रवृत्तिका लागि पेश गर्नुपर्ने कागजातहरुः</u> शिक्षालयमा अध्ययन गर्न इच्छुक तथा यस कार्यविधि बमोजिम दरखास्त दिन योग्यता पुगेका उम्मेदवारले आवेदन फाराम भर्दा देहाय बमोजिमका कागजातहरु पेस गर्नुपर्नेछः

(क) स्थायी ठेगाना प्रमाणित हुने कागजात (विद्यार्थी वा निजको बुबा आमाको नागरिकता प्रमाण पत्र/राष्ट्रिय परिचय पत्र/बसाइँ सराइँ दर्ता प्रमाणपत्र),

(ख) तोकिए बमोजिमका शैक्षिक प्रमाणपत्रहरु,

(ग) लक्षित समूहतर्फका लागि सम्बन्धित निकायबाट प्रमाणित गरिएका कागजातहरु,

(घ) विपन्न वर्गको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ङ) छात्रवृत्ति छनोट समितिले तोके बमोजिमका अन्य कागजातहरु ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## परिच्छेद-३

## छात्रवृत्ति अनुदानको प्रयोग र प्रतिवेदन

८. **छात्रावृत्ति अनुदान सम्बन्धमाः** शिक्षालयमा छात्रवृत्तिमा छनोट भएका विद्यार्थीलाई निशुल्क अध्ययनका लागि कोटा निर्धारण भएका विद्यार्थीका लागि महानगरपालिकाबाट स्वीकृत वार्षिक बजेट तथा

कार्यक्रमका आधारमा एकमुष्ठ अनुदान रकम उपलब्ध गराइनेछ ।

९. <u>अनुदान रकम खर्च गर्नुपर्ने</u>: शिक्षालयलाई छात्रवृत्ति वापत उपलब्ध गराइएको अनुदान रकमको प्रयोग प्रशिक्षक तलब भत्ता, शैक्षिक सामग्री खरिद, ल्याब व्यवस्थापन, क्षमता विकास लगायतका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

१०. <u>प्रगति विवरण पेस गर्नुपर्ने</u>: शिक्षालयले प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको पूर्ण पालना गरी प्राप्त अनुदानको खर्च तथा प्रगति विवरण महानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । खर्च विवरण उपलब्ध नगराएमा महानगरपालिकाले शिक्षालयलाई प्रदान गर्ने अनुदान रकम रोक्का राख्न सक्नेछ ।

## परिच्छेद-४

## <u>छात्रवृत्ति पाएका विद्यार्थीको अध्ययन, अनुगमन, अभिलेख सम्बन्धी व्यवस्था</u>

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

११. <u>छात्रवृत्ति कोटामा छानिएका विद्यार्थीलाई अध्ययन अध्यापन गराउनु पर्ने</u>: छात्रवृत्तिमा छनोट भइ आएका

विद्यार्थीलाई अनिवार्य भर्ना गर्नु र अध्ययन, अध्यापन गराउनु शिक्षालयको दायित्व हुनेछ ।

१२. <u>निशुल्क अध्ययनको व्यवस्था मिलाउनु पर्नेः</u> छात्रवृत्ति कोटामा पूर्ण निशुल्क अध्ययनका लागि छनोट भएका विद्यार्थीले शिक्षण शुल्क वापत कुनै पनि रकम तिर्नुपर्ने छैन ।

१३. <u>आंशिक छात्रवृत्ति सम्बन्धी व्यवस्थाः</u> आंशिक छात्रवृत्ति कोटामा छनोट भएका विद्यार्थीले शिक्षालयका लागि तोकिएको कूल शुल्कको ५० प्रतिशत रकम शिक्षालयलाई बुझाउनु पर्नेछ ।

१४. <u>शैक्षिक प्रशासन महाशाखाको जिम्मेवारीः</u> छात्रवृत्तिमा छनोट भइ अध्ययन गरिरहेका विद्यार्थीको पढाइको सुनिश्चितता गरी पृष्ठपोषण दिने जिम्मेवारी शैक्षिक प्रशासन महाशाखाको हुनेछ ।

१५. <u>समन्वय गर्नुपर्नेः</u> शिक्षालयले छात्रवृत्ति र अनुदान सम्बन्धी कार्य गर्दा शैक्षिक प्रशासन महाशाखासँग समन्वय गर्नुपर्नेछ ।

१६. <u>अनुगमन तथा निर्देशनः</u> नगर शिक्षा समितिले समय समयमा छात्रवृत्ति र अनुदान सम्बन्धी कार्यको

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

अनुगमन गर्न, गराउन र आवश्यक निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-५

## विविध

१७. **विद्यार्थीको जिम्मेवारीः** छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) छनोट भइसकेपछि शिक्षालयमा भर्ना हुनुपर्नेछ,

(ख) प्रचलित कानून, नियम, शिक्षालयको नियम र अनुशासनको परिधिभित्र रही नियमित अध्ययन गर्नुपर्नेछ,

(ग) बीचमा पढाइ छाड्न पाइने छैन,

(घ) अध्ययनलाई निर्धारित अवधिभित्रनै पूरा गर्नुपर्नेछ ,

(ङ) अध्ययन पूरा गरेपश्चात् महानगरपालिकाले खटाएको महानगर क्षेत्रभित्र पूर्ण छात्रवृति पाउनेले १(एक) वर्ष तथा आंशिक छात्रवृत्ति पाउनेले ६(छ) महिना अनिवार्य सेवा गर्नुपर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

१८. <u>विद्यार्थीले जिम्मेवारी पालना नगरेमा वा झुठा विवरण पेस गरेमा हुने परिणाम</u>ः छात्रवृत्तिमा छनोट भएका विद्यार्थीले दफा ८ बमोजिम जिम्मेवारी पालना नगरेमा वा झुठा विवरण पेस गरेमा देहाय बमोजिम हुनेछः

(क) भर्ना भएर बीचैमा पढाई छाडेमा पूर्ण शुल्क तिर्ने विद्यार्थीले तिर्नुपर्ने रकम बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले दफा ९ को (ङ) मा उल्लेखित कबुलियतनामा बमोजिम काम नगरेमा पूर्ण शुल्क तिर्ने विद्यार्थीले तिरेको रकमको दोब्बर रकम जरिवाना कायम गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(ग) प्रचलित नियम, शिक्षालयको नियम र अनुशासनको परिधिभित्र नबस्ने विद्यार्थीका लागि पूर्ण शुल्क तिर्ने विद्यार्थीले तिर्नुपर्ने रकम बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी शिक्षालयबाट निष्कासन समेत गर्न सकिनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

तर, सो पूर्व उसलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

(घ) दफा ७ बमोजिमका कागजात पेस गर्दा झुठा विवरण पेस गर्ने उम्मेदवारको छात्रवृत्ति रद्ध गरी प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

१९. <u>माफी, मिनाहा वा छुट दिन सकिने</u>ः छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीको तर्फबाट अध्ययनलाई निरन्तरता दिन नसकेको वा नसकिने भनी निवेदन प्राप्त भएको अवस्थामा नगर शिक्षा समितिले देहाय बमोजिम निजलाई माफी मिनाहा वा छुट गर्न सकिनेछः

(क) निजको शारीरिक वा मानसिक रोगका कारण अध्ययनका लागि असमर्थ रहेको प्रमाण सहित सरकारी अस्पतालबाट सिफारिस भएमा,

(ख) निजको मृत्यु भएमा ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

२०. <u>विषय परिवर्तन गर्न नहुने</u>ः छात्रवृत्तिमा अध्ययन गरिरहेको विद्यार्थीले विषय परिवर्तन गर्न पाइने छैन ।

२१. <u>प्रतिवेदन पेस गर्नुपर्ने</u>ः छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले शिक्षालयले तोके बमोजिमको ढाँचामा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

२२. <u>कबुलियतनामा गर्नुपर्ने</u>ः छात्रवृत्तिमा छनोट भई अध्ययनमा जानु अघि त्यस्तो व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नुपर्नेछ ।

२३. <u>सम्पर्क राख्नु पर्ने</u>ः छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन पूरा भई नतिजा प्राप्त भएको १(एक) महिना भित्र आफ्नो शैक्षिक प्रमाणपत्र सहित शैक्षिक प्रशासन महाशाखामा सम्पर्क राख्नु पर्नेछ ।

२४. <u>संशोधन, खारेजी वा बचाउ</u>ः यस कार्यविधिलाई संशोधन वा खारेजी गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले खारेज गर्न सक्नेछ । यस अघि महानगर बहुप्राविधिक शिक्षालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृत्ति वितरण कार्यक्रम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## अनुसूची १
## (दफा १४ सँग सम्बन्धित)

श्री ......................................को नाति/नातिनी श्री ..........................................को छोरा/छोरी/बुहारी जिल्ला................., ........................................ गा.पा./नपा/उ.म.न.पा./म.न.पा वडा नं..............मा स्थायी बसोबास भएको, हाल महानगर बहुप्राविधिक शिक्षालयको ................. वर्ष ......................विषयमा अध्ययनरत म विद्यार्थी...................................(नागरिकता नं ..........................., ......................) विराटनगर महानगरपालिकाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्ति पूर्ण/आंशिकका लागि छनोट भएकाले महानगर बहुप्राविधिक शिक्षालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ का शर्तहरुको पूर्ण पालना गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम सरकारी बाँकी सरह फिर्ता बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकाले सो बमोजिम कबुलियतनामा गरी विराटनगर महानगरपालिकामा पेश गरेको छु ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

<u>छात्रवृत्ति पाउनेको</u>

दस्तखतः

नामः

सम्पर्क ठेगानाः

मोबाइल नं

मितिः

<u>अभिभावकको तर्फबाट</u>

दस्तखतः

बुवा/आमाको नामः

सम्पर्क ठेगानाः

मोबाइल नं

मितिः

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

आज्ञाले,
राम प्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
विराटनगर महानगरपालिका ।